# नेपाल ईन्जिनियर्स एशोसिएसन

**केन्द्रिय कार्यालय**

**पुल्चोक, ललितपुर**

नेपाल ईन्जिनियर्स एशोसिएसनको ३२ औं केन्द्रीय कार्यकारिणी समितिको मिति २०७५ माघ ६ गते आइतवार बसेको बैठकवाट देहाय बमोजिमका महत्वपूर्ण निर्णयहरु भएको व्यहोरा सम्पूर्ण ईन्जिनियर महानुभावहरुमा जानकारीको लागि अनरोध गर्दछु ।

..............................

ई. छविराज पोखेल

महासचिव

**निर्णयहरु:**

१. नेपाल ईन्जिनियर्स एशोसिएसनको आर्थिक कारोवार तथा बैंक खाताहरु संचालन गर्नको लागी हाल सम्म ३१ औं कार्यकारिणी समितिका अध्यक्ष हरेराम श्रेष्ठ, महासचिव उमेश प्रसाद थानी र कोषाध्यक्ष सुसन वैद्य ३ (तीन) जना मध्ये कुनै २ (दुई) जनाको संयुक्त हस्ताक्षरबाट संचालन भइरहेकोमा अब उप्रान्त यस ३२ औं कार्यकारिणी समितिका अध्यक्ष त्रिरत्न बज्राचार्य, महासचिव छविराज पोखेल, कोषाध्यक्ष राम एकवाल यादव र सह-कोषाध्यक्ष चाँदमाला श्रेष्ठ ४ (चार) जना मध्ये कुनै २ (दुई) जनाको संयुक्त हस्ताक्षरबाट बैंक खाताहरु संचालन गर्ने निर्णय गरियो । उक्त बैंक खाता संचालन कर्ता ४ (चार) जना मध्ये अध्यक्ष त्रिरत्न बज्राचार्य वा महासचिव छविराज पोखेल मध्ये कुनै १ (एक) जनाको अनिवार्य र त्यसैगरी कोषाध्यक्ष राम एकवाल यादव वा सह-कोषाध्यक्ष चाँदमाला श्रेष्ठ मध्यै कुनै १ (एक) जनाको हस्ताक्षर अनिवार्य गर्ने समेत निर्णय गरियो ।

२. नेपाल ईन्जिनियर्स एशोसिएसनको पेशागत गतिविधीलाई अगाडी बढाउने सन्दर्भमा तत्काल सम्बोधन गरिनुपर्ने विभिन्न विषयसँग सम्बन्धित देहाय बमोजिमका कार्यदलहरु गठन गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**(क) Engineering Staff College स्थापनाको प्रकृयालाई अगाडी बनाउने ।**

| | |
|---|---|
| **ई.प्रा.डा. त्रिरत्न बज्राचार्य** | **- संयोजक** |
| ई. सागर श्रेष्ठ | - सदस्य |
| ई. गजेन्द्र कुमार झा | - सदस्य |
| ई. ओम प्रकाश गिरी | - सदस्य |

साथै यस विषयमा विगतमा संलग्न रहि अनुभव प्राप्त १ (एक) जना सदस्य समेत थप गर्न कार्यदललाई अख्तियारी प्रदान गरियो । नेपाल सरकारको संबन्धित निकायसँग आवश्यक संवाद, अन्तरकृया, छलफल एवं भेटघाट लगायत सुझाव तथा सल्लाह समेतको सबै प्रकृया पुरा गरी ईन्जिनियरिङ स्टाफ कलेज स्थापना गर्ने कार्यलाई परिणाममुखि बनाउने गरी आगामी २ (दुई) महिना भित्र विस्तृत प्रतिवेदन पेश गर्न कार्यदललाई अनुरोध गरियो ।

**(ख) ईन्जिनियरिङ सेवा ऐन संबन्धि कार्यदल**

**ई आशिष घिमिरे - संयोजक**
ई. सुदर्शन भण्डारी - सदस्य
ई. दिलिप कुमार विश्वकर्मा - सदस्य
ई. डा. कृष्ण राज पाठक - सदस्य

ईन्जिनियरिङ सेवा ऐन लागू हूँदा ईन्जिनियरहरुको लागि फाइदा वा बेफाइदा के छ ? यसको वर्तमान आवश्यकता र औचित्य के कति छ ? यस विषयलाई समेत थप छलफल र वहस सहित विगतमा तयार गरिएको मस्यौदा समेत अध्ययन गरी आगामी २ (दुई) महिना भित्र प्रस्ताव पेश गर्न कार्यदललाई अनुरोध गरियो ।

**(ग) Engineers Hydro संबन्धि कार्यदल**

**ई. छविराज पोखेल - संयोजक**
ई. प्रकाश बुढा - सदस्य
ई. उमेश प्रसाद चौधरी - सदस्य
ई. पारस खड्का - सदस्य
ई. डेगराज पौडेल - सदस्य

नेपाल ईन्जिनियर्स एशोसिएसनको सहजीकरणमा एशोएिसनका सदस्यहरु मात्रको व्यक्तिगत लगानी अन्तरगत वहाँहरुको सामूहिक स्वामित्व रहने गरी करिब ५० (पचास) देखि १०० (सय) मेगावाट क्षमताको जलविद्युत कम्पनी स्थापना एवं संचालन गर्ने उद्देश्य अनुरुप गठित उपरोक्त कार्यदलले कम्पनी स्थापनाबाट हुने फाइदा एवं संचालनको संभाव्यता, औचित्य र आवश्यकता समेतको अध्ययन गरी **Engineers Hydro** संचालनको विधि र प्रकृयाका वारेमा आगामी १ (एक) महिनाभित्र स्पष्ट प्रस्ताव पेश गर्न कार्यदललाई अनुरोध गरियो ।

**(घ) ईन्जिनियर सदस्यहरुको दुर्घटना विमा संबन्धी कार्यदल**

**ई. कपिल आचार्य - संयोजक**
ई. छविलाल अधिकारी - सदस्य
ई. ज्योतिमणी भट्टराई - सदस्य
ई. कृष्ण प्रसाद पाण्डे - सदस्य

उपरोक्त कार्यदलले ईन्जिनियर सदस्यहरुको दुर्घटना विमा गराउनको लागी सो को संभाव्यता अध्ययन गरी विमा गर्नुपर्ने कारणको व्यवहारिक एवं सैद्धान्तिक पक्षको पुष्ट्याँइ सहित बिमा प्रदायक कम्पनीहरुको तुलनात्मक अध्ययन गरी उनिहरुसँगको सम्वाद, अन्तरकृया र छलफलद्वारा प्राप्त निष्कर्ष सहितको प्रस्ताव आगामी १ (एक) महिनाभित्र पेश गर्न कार्यदललाई अनुरोध गरियो ।

**(ङ) ईन्जिनियरहरुको न्यूनतम वेतन संबन्धी कार्यदल**

**ई. राम एकवाल यादव - संयोजक**
ई. सुजन भट्ट - सदस्य
ई. प्रताप सापकोटा - सदस्य
ई. लक्ष्मण कुमार यादव - सदस्य

गैर सरकारी एवं नीजि क्षेत्रमा कार्यरत ईन्जिनियर/आर्किटेक्टहरुको न्यूनतम वेतन निर्धारण गरी राज्यस्तरबाटै लागू गराउन हेतु गठन गरिएको उपरोक्त कार्यदलले नीजि क्षेत्रमा काम गर्ने ईन्जिनियर/आर्किटेक्टहरुको न्यूनतम मासिक तलबका संबन्धमा सम्भव भएसम्म अन्तर्राष्ट्रिय प्रचलन र नियम समेतको अध्ययन गरी नेपालमा नीजि क्षेत्रमा काम गर्ने ईन्जिनियर/आर्किटेक्ट (प्राविधिक जनशक्ति) हरुको हाल पाईरहेको मासिक तलबमानको औसत आधारको तुलनात्मक बस्तु स्थितिको प्रक्षेपण सहित निर्ष्कषमा पुग्ने गरी आगामी १ (एक) महिनाभित्र प्रस्ताव पेश गर्न अनुरोध गरियो ।

**(च) Action Plan संबन्धी कार्यदल**

**आ. चाँदमाला श्रेष्ठ - संयोजक**
ई. अनिल मानन्धर - सदस्य
ई. एभरेष्ट के.सी. - सदस्य
आ. जनकराज जोशी - सदस्य

३२ औं केन्द्रीय कार्यकारिणी समितिको आगामी २ (दुई) वर्षे कार्यकालको विस्तृत कार्ययोजना सहितको प्रतिवेदन आगामी १५ दिनभित्र पेश गर्न कार्यदललाई अनुरोध गरियो

**(छ) प्रदेश केन्द्र संचालन संबन्धी नियमावलीको मस्यौदा तयार गर्ने विषयको कार्यदल**

**ई. आशिष घिमिरे - संयोजक**
ई. एभरेष्ट के.सी. - सदस्य
ई. प्रताव सापकोटा - सदस्य
ई. कृष्ण प्रसाद पाण्डे - सदस्य
ई. ओम प्रकाश गिरि - सदस्य
ई. जनकराज जोशी - सदस्य
ई पारस खड्का - सदस्य
ई. लक्ष्मण कुमार यादव - सदस्य
ई. डा. कृष्णराज पाठक - सदस्य
ई. डेग राज पोडेल - सदस्य

नेपाल ईन्जिनियर्स एशोसिएसनको चौथो संशोधित विधान-२०५१ अनुरुपको सांगठनिक संरचना बमोजिम संघीय स्वरुपमा संस्थाको संरचना अगाडी बढ्ने क्रममा गत २०७५ मंसीर २८ गते सम्पन्न

निर्वाचनद्वारा स्थापित ७ (सात) वटै प्रदेशका प्रथम प्रदेश कार्यकारिणी समितिको क्षेत्राधिकार र काम कतर्व्यका वारेमा कार्यविधि एवं प्रक्रियागत केहि अन्यौलता देखिएको हुँदा ने.ई.ए. विधान एवं प्रचलित नियमसँग नवाभिने गरी प्रदेश केन्द्र संचालन संवन्धी नियमावली - २०७५ को मस्यौदाको खाका आगामी १ (एक) महिना भित्र पेश गर्न कार्यदललाई अनुरोध गरियो ।

३. सदस्यता

नेपाल ईन्जिनियर्स एशोसिएसनको सदस्यता आवेदन, नविकरण तथा आजिवन सदस्यता आवेदनको कार्यलाई Online पद्दतीबाटै गर्ने व्यवस्थालाई अझ बैज्ञानिक चुस्त एवं सहज बनाउने गरी हाल अर्को व्यवस्था नभए सम्मको लागी देहाय बमोजिमको व्यक्तिहरुलाई जिम्मेवारी प्रदान गरियो ।

ई. एभरेष्ट के.सी - कार्यकारिणी सदस्य
ई. प्रताप सापकोटा - कार्यकारिणी सदस्य

Online System लगायत ने.ई.ए. को इमेल तथा Website परिमार्जन, सदस्यहरुको Database को बैज्ञानिकिकरण गर्ने, Online system नियन्त्रण एवं भण्डार गृह (Server) को वर्तमानको उपादेयता र भविष्यको आवश्यकता समेतको अध्ययन गरी हाल Server को सेवा दिइरहेको संस्थासँग समेत संवाद गर्न जिम्मेवारी दिने निर्णय गरियो । उक्त जिम्मेवारी पाउनु हुने सदस्यले उपरोक्त विषयको विस्तृत अधययन गरी दीर्घकालिन समाधानको उचित उपाय सहितको प्रस्ताव आगामी ३ (तीन) हप्ता भित्र पेश गर्न अनुरोध गरियो ।

**४. विविध**

**(क)** अब उप्रान्त ३२ औं केन्द्रीय कार्यकारिणी सहितको नियमित बैठक प्रत्येक महिनाको अन्तिम आइतवारका दिन देहाय बमोजिको समय तालिका अनुसार बस्ने निर्णय गरियो ।

**कार्तिक १५ देखि माघ १५ सम्म बेलुकी ४:०० बजे**
**माघ १६ देखि कार्तिक १४ सम्म बेलुकी ५:०० बजे**

**(ख)** नेपाल ईन्जिनियरिङ परिषद् नियमावली - २०५७ को नियम २० बमोजिम गठित जाँचबुझ समितिमा यस एशोसिएसको तर्फबाट उपाध्यक्ष ई. आशिष घिमिरेज्यूले प्रतिनिधित्व गर्नुहुने निर्णय अनुमोदन गरियो ।

**(ग)** सडक बोर्ड नेपालको कार्यकारिणी सदस्यमा महासचिव ई. छविराज पोखेललाई मनोनयन गरी पठाउने निर्णय गरियो ।

**(घ)** साप्ताहिक रुपमा संचालन हुँदै आएको Talk Program लाई छिट्टै निरन्तरता दिन बैठकले उपमहासचिवको जिम्मेवारी तोकियो । Talk Program लाई वर्तमान अवस्थामा अझ बढि परिस्कृत र

नेपाल ईन्जिनियर्स एशोसिएसन
केन्द्रिय कार्यालय
पुल्चोक, ललितपुर

गुणस्तरीय बनाउँदै यसको दायरालाई विस्तृतिकरण गर्न वान्छनीय देखिएकोले यस विषयमा आगामी थप १५ दिनभित्र प्रस्ताव ल्याउन देहाय बमोजिमका व्यक्तिहरुलाई जिम्मेवारी प्रदान गरियो ।

| | |
|---|---|
| ई. कपिल आचार्य | - संयोजक |
| ई. दिलिप कुमार विश्वकर्मा | - सदस्य |
| ई. अनिल मानन्धर | - " |
| ई. सुजन भट्ट | - " |
| ई. ज्योतिमणी भट्टराई | - " |

ठेगाना: इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६८४, काठमाडौं, नेपाल, फोन: ०१-५०१०२५१, ५०१०२५२
फ्याक्स: ०१-५०१०२५३, ईमेल: info@neanepal.org.np, URL: www.neanepal.org.np